बेलबारी नगरपालिका

१ नं. प्रदेश, मोरङ

# बेलबारी नगरपालिकाको राजपत्र

बेलबारी नगरपालिकाबाट प्रकाशित

खण्डः२ संख्याः११ सम्वत् २०७६ अषाढ २० गते

## भाग १

## बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण विधेयक, २०७६

नेपालको सं वधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद (१५ दफा १०२ को उपदफा (१) दिइएको अ धकार प्रयोग गरी बेलबारी नगरपा लकाको चौथो नगर सभाबाट यो ऐन पारित गरी सर्वसाधारणको जानकारीको लागी यो राजपत्र प्रकाशन गरिएको छ ।

# बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण विधेयक, २०७६

*प्रमाणिकरण मितिः २०७६।०३।२०*

*सम्वत् २०७६ सालको ऐन नं. ११*

**प्रस्तावना :** बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, संम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, नेपालको संविधान, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, बालबालिका सम्बन्धी विद्यमान कानूनहरू तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरूलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको भाग १८ धारा २२६ ले र स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद १५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेलबारी नगरपालिकाबाट यो ऐन बनाई लागू गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण ऐन, २०७६** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) **"संविधान"** भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनुपर्छ ।

(२) **"ऐन"** भन्नाले बेलबारीनगरपालिका द्वारा जारी गरिएको **बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण ऐन, २०७६** सम्झनु पर्छ ।

(३) **"बालबालिका"** भन्नाले नेपाल कानून अनुसार १६ वर्ष उमेर पूरा नगरेका र अन्तर्राष्ट्रिय कानून अनुसार १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरूलाई सम्झनु पर्छ ।

(४) **"बालबालिका डेक्स"** भन्नाले बेलबारीनगरपालिकाले नगरकार्यपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको  बालबालिका सम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

(५) **"सर्म्पक व्यक्ति"** (Focal Person) भन्नाले बेलवारीनगरपालिकाले नगरकार्यपालिका कार्यालय र वडा कार्यालयमा बालबालिका सम्बन्धि काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(६) **"बाल संरक्षण समिति"** भन्नाले बालबालिकाको आधारभूत अधिकारहरूको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि गठन गरिएका नगरस्तरीय, वडास्तरीय र विद्यालयस्तरीय समितिहरूलाई सम्झनु पर्दछ ।

(७) "**बालमैत्री स्थानीय शासन भन्नाले**" बालमैत्री स्थानीय शासन बालअधिकारका चार आयामहरूलाई स्थानीय तहका नीति, संरचना, पद्धति र कार्यप्रकृयामा मूल प्रवाहीकरण गर्ने भन्ने बुझ्नुपर्दछ ।

(८) **"बालमैत्री स्थानीय शासन समिति"** भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि (२०६८ संसोधित ) बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

(९) **"बालक्लब"** भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाको सहभागितामा गठन भएका बेलबारी नगरपालिकामा सूचीकृत भई सञ्चालनमा रहेका बाल बालक्लबहरूलाई सम्झनु पर्दछ ।

(१०) **"संरक्षक तथा संरक्षक शिक्षक"** भन्नाले बालक्लबलाई नियमितरुपमा सञ्चालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ ।

(११) **"प्रधान संरक्षक"** भन्नाले विद्यालयमा गठन भएका बालक्लब तथा संरक्षक शिक्षकलाई नियमितरुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका

लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ । र समुदायको हकमा टोल विकास संस्थाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(१२) **"बालक्लब सञ्जाल"** भन्नाले बेलबारीनगरपालिका तथा वडास्तरमा गठन भएका बालक्लबहरूको सञ्जाललाई सम्झनु पर्दछ ।

(१३) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ ।

(१४) **"बालविकास केन्द्र"** भन्नाले नगरपालिका तथा वडाका समुदायस्तरमा स्थापना भएका बालविकास केन्द्रलाई सम्झनु पर्दछ ।

(१५) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई सम्झनु पर्दछ ।

(१६) **"बाल कल्याण कोष"** भन्नाले बालअधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि वडा तथा बेलबारी नगरपालिकामा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ ।

(१७) **"प्रमाणपत्र"** भन्नाले वडा कार्यालय, बेलबारी नगरपालिका कार्यालयमा सूचीकृत भएका बालक्लबहरूलाई दिइने सूचीकृत प्रमाणपत्र सम्झनु पर्छ ।

(१८) **"बालभेला"** वार्षिकरुपमा बालक्लब सञ्जालले नयाँ समिति चयन गर्न र वार्षिक कार्ययोजना निर्माण गर्न सबै बालक्लबका प्रतिनिधिहरूको सहभागितामा भएको नगरपालिका वा वडास्तरको भेलालाई सम्झनु पर्दछ ।

(१९) **"नगरपालिका"** भन्नाले बेलबारी नगरपालिका सम्झनु पर्छ ।

(२०) **"प्रमुख"** भन्नाले बेलबारी नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(२१) **"उपप्रमुख"** भन्नाले बेलबारी नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(२२) **"वडा"** भन्नाले बेलबारी नगरपालिकाको वडा सम्झनु पर्छ ।

(२३) **"वडाध्यक्ष"** भन्नाले बेलबारी नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(२४) **"सभा"** भन्नाले बेलबारी नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(२५) **"कार्यपालिका"** भन्नाले बेलबारी नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(२६) **"टोबिस"** भन्नाले बेलबारी नगर क्षेत्रभित्र क्रियाशिल टोल विकास संस्था सम्झनु पर्छ ।

**३. उद्देश्यः** यस यस ऐनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(१) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न ।

(२) बालमैत्री स्थानीय शासन अभियान प्रबर्द्धन गर्न ।

(३) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

(४) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्न ।

(५) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना,तथ्याङ्क आदि) व्यवस्थापन गर्न ।

(६) बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्न ।

## परिच्छेद- २

## बालमैत्री शासन समिति, बालबालिका डेक्सको स्थापना र सञ्चालन

**४. बालमैत्री स्थानीय शासन समिति गठन, काम कर्तव्य र अधिकारः (१)** बाल बचावट, संरक्षण, विकास र सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्धति र कार्यप्रकृयामा मूल प्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन

रणनीति २०६८ ले दिएको अधिकारका आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरू रहनेछन् ।

(क) नगर प्रमुख -अध्यक्ष

(ख) उपाध्यक्ष, उप प्रमुख -उपाध्यक्ष

(ग) स्वास्थ्य शाखाको प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(घ) शिक्षा शाखाको प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(ङ) महिला तथा बालबालिका शाखाको प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(च) गैसस प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत ) १ जना -सदस्य

(छ) स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(ज) नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(झ) नगरपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तीमा १ जना बालिका समेत) -सदस्य

(ञ) नगरस्तरिय बालसंरक्षण समितिको (१ जना) – सदस्य

(ट) प्रमुख प्रशासकिय अधिकृत –सदस्य-सचिव

**५. बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार :**

(१) नगरपालिकाको बालबालिका सम्बन्धी नीतिगत निर्णयहरू गर्ने ।

(२) नगरपालिकाको बालबालिका सम्बन्धी योजनाहरूको अन्तिम निर्णय गर्ने ।

(३) नगरपालिकामा कार्यरत निकायहरूलाई बालबालिका सम्बन्धी कार्यमा समन्वय गर्ने

(४) नगरपालिकामा भएका बालबालिका सम्बन्धी कार्यहरूको समग्र अनुगमन गर्ने ।

(५) नगरपालिकालाई बालमैत्री बनाउन बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ले तोकेका अनुसुची ४ मा उल्लेख भए अनुसारको सूचकहरू पुरा भए नभएको अनुगमन गरी बालमैत्री वडाको रुपमा घोषणा को लागि स्वीकृत गर्ने, नगर घोषणका लागि जिल्ला स्थित निकायसँग समन्वय गर्ने ।

(६) बालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तीमा ३ पटक बस्नेछ । बैठकको कार्यविधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

(७) नगरपालिकास्तरमा बालभेला सञ्चालन निर्देशिका बमोजिम वार्षिक रुपमा बालभेला आयोजना गर्ने

(८) बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ बमोजिम कामकारवाही गर्ने

६. **बालबालिका डेक्सको स्थापनाः (१)** प्रत्येक वडा कार्यालयमा र नगरपालिका कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स सञ्चालन गर्नको लागि कम्तीमा एक जना अधिकृत स्तरको कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिनेछ ।

(२) बालबालिका डेक्सको काम, कर्तव्य र सञ्चालन देहाय बमोजिम हुनेछ :

(क) सबै प्रकारका बालबालिकाको तथ्याङ्क र सूचनाको अध्यावधिक गर्ने ।

"स्पष्टीकरण" सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।

(ख) बालक्लब तथा बालक्लब सञ्जालहरूको सूचीकृत गर्ने ।

(ग) बालबालिका, नगरपालिका र सरोकारवालाहरूबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

(घ) बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लब, बालक्लब सञ्जालहरूबीच समन्वय सहकार्य गर्ने ।

(ङ) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरूमा सहजीकरण गर्ने ।

(च) बालक्लब, बालक्लब सञ्जाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

(छ) नगरपालिका तथा वडाका विनियोजित कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ज) नगरपालिकाले तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने ।

**७. नगरपालिका स्तरीय बाल संरक्षण समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) बेलबारी नगरपालिकामा देहाय बमोजिमको नगरस्तरिय बालसंरक्षण समिति गठन गरिनेछ ।

(क) उपप्रमुख – संयोजक

(ख) शिक्षा शाखा प्रमुख १ जना – सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख १ जन – सदस्य

(घ) नगर क्षेत्रमा बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट समितिले तोकेको १ जना – सदस्य

(ङ) बालक्लब सञ्जालबाट समितिले तोकेको १ जना बालिका सहित २ जना –सदस्य

(च) आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी समितिले तोकेको कम्तीमा १ महिला सहित २ जना – सदस्य

(छ) नगरक्षेत्रमा रहेको प्रहरी कार्यालयको प्रमुख – सदस्य

(ज) नगरपालिका स्तरीय अपाङ्ग समन्वय समितिका प्रतिनिधी – सदस्य

(झ) बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति – सदस्य-सचिव

**(२) बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ,**

(क) बालमैत्री स्थानीय शासन समितिले गरेको नीतिगत निर्णयहरूलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने ।

(ख) बालमैत्री नगरपालिका निर्माणको लागि वडा बालसंरक्षण समितिसँग समन्वयन गरी सूचकहरूको आधारमा कार्यक्रम तुर्जमा, कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने ।

(ग) बेलबारी नगरपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र नगरपालिकामा पेश गर्ने ।

"स्पष्टीकरण" विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले (आमाबाबु, अभिभावकविहीन (अनाथ) बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका, कानुनी विवादमा परेका बालबालिकामध्ये वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि

परिवारबाट अलग गरिएका बालबालिका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. संक्रमित बालबालिका, गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका, बालबालिका विरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका, सशस्त्र द्वन्द्व वा विपद्का कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका, परित्याग गरिएका तथा सडकमा आश्रित बालबालिका, कानून बमोजिम तोकिएका अन्य बालबालिकालाई बुझाउनेछ ।

(घ) नगरपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बालक्लब, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपत्कालीन संरक्षण केन्द्र लगायतका निकायहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको सम्बर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

(ङ) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको

तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

(च) बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने ।

(छ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । कार्यक्रमको सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(ज) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(झ) बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि स्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

(ञ) बाल संरक्षणका विषयमा वकालत गर्ने र जिल्ला बालकल्याण समितिलाई बाल संरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

(ट) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

(ठ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आयआर्जन आदि) को लागि सम्बन्धित नगरपालिकबाटै वा अन्य स्थानीय तह, गैरसरकारी सेवा प्रदायक वा निजी क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचीकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

(ड) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुशी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

(ढ) बालबालिकासँग सम्बन्धित दिवसहरू नगरपालिकास्तरीय निकायहरूसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

(ण) वडा बालसंरक्षण समितिहरू, बालक्लब सञ्जालहरू, सरोकारवालाहरू र नगरपालिकाबीच समन्वय, सहकार्य र सम्पर्क गर्ने ।

(त) नगरपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति पेश गर्ने ।

**(३) समितिको वैठक सम्बन्धी कार्यविधि :**

(क) समितिको वैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) नगरपालिका स्तरीय बालसंरक्षण समितिको पदावधि निर्वाचित जनप्रतिनिधिको अबधि बमोजिम रहनेछ ।

**८. वडास्तरिय बाल संरक्षण समितिको गठन, काम, कर्तव्य र अधिकारः**

(१) वडामा देहाय बमोजिमको वडास्तरिय बालसंरक्षण समिति गठन गरिनेछः

(क) वडाध्यक्ष –संयोजक

(ख) वडाका निर्वाचित सदस्यहरू – सदस्य

(ग) संरक्षक शिक्षकहरू मध्येबाट समितिले तोकेको १ जना – सदस्य

(घ) महिला स्वास्थ्य कार्यकर्ताहरू मध्येबाट समितिले तोकेको १ जना – सदस्य

(ङ) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट समितिले तोकेको १ जना – सदस्य

(च) विद्यालय व्यवस्थापन समिति मध्येबाट समितिले तोकेको १ जना – सदस्य

(छ) वडा बालक्लब सञ्जाल मध्येबाट समितिले तोकेको कम्तीमा १ बालिका सहित २ जना – सदस्य

(ज) आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुने गरी समितिले तोकेको कम्तीमा १ महिला सहित २ जना –सदस्य

(झ) वडा अपाङ्ग समितिबाट प्रतिनिधि सदस्य १ जना – सदस्य

(ञ) वडा सचिव – सदस्य सचिव

(२) वडा बालसंरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) बालमैत्री स्थानीय शासन समिति र नगरपालिकास्तरीय बालसंरक्षण समितिले गरेको नीति, कार्यक्रमलाई कार्यान्वयन गर्ने ।

(ख) नगरपालिकास्तरीय बालमैत्री स्थानीय शासन समितिको सिफारिसमा वडालाई बालमैत्री घोषणा गर्ने ।

(ग) वडामा बालविवाह, दाइजो प्रथा, बालश्रम शोषण, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, हलिया, मानव बेचविखन, हानिकारक अभ्यासहरू अन्त्य गर्ने ।

(घ) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

(ङ) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लब, मञ्च, बालक्लब, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपत्कालिन संरक्षण केन्द्र लगायतका निकायहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

(च) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(छ) बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने ।

(ज) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(झ) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(झ) बालबालिकाको निमित्त आकश्मिक सहयोग तथा दीगो विकासका लागि स्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

(ञ) बाल संरक्षणका विषयमा वकालत गर्ने र गाउँपालिकालाई बालअधिकार प्रवर्द्धनमा प्रभावकारी योजना निर्माणमा मद्दत गर्ने ।

(ट) बालक्लब, वडा बालक्लब सञ्जाल, सरोकारवालाहरू र नगरपालिका बिच समन्वय र सम्पर्क गर्ने ।

(ठ) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति नगरपालिकामा पेश गर्ने ।

(ड) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

(ढ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन आदि) को लागि सम्बन्धित नगरपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा निजी क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचीकरण तथा सिफारिसको प्रबन्ध मिलाउने ।

(ण) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफुखुशी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

(त) बालबालिकासँग सम्बन्धित दिवसहरू पालिकास्तरीय निकायहरूसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

(थ) विद्यालयस्तरमा बालसंरक्षण समितिहरू गठन गर्ने तथा नियमन, अनुगमन गर्ने ।

(द) बालक्लबहरूको तथ्याङ्क संलकन, अध्यावधि, सहजीकरण गर्ने साथै सूचीकृतको लागि पालिकास्तरमा सिफारिस गर्ने ।

**(३) समितिको वैठक सम्बन्धी कार्यविधि :**

(क) समितिको वैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) वडाभित्र आवश्यकताका आधारमा वडा बालसंरक्षण समितिलाई सहयोग गर्न समुदाय स्तरमा बढीमा ७ सदस्यीय बाल संरक्षण समितिहरू गठन गर्न सकिने छ । सो समितिको संयोजक वडा समितिले मनोनित गर्नेछ । उक्त समितिमा बालक्लब, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य स्वंयम सेविका, स्थानीय बालअधिकार अभियन्ता मध्येबाट रहनेछन् । यो समितिको पदावधि दुई वर्षको हुनेछ । यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

(ङ) वडा बालसंरक्षण समितिको पदावधि निर्वाचित जनप्रतिनिधिको पदावधि बमोजिम हुनेछ ।

**९. बालक्लब र बालक्लब सञ्जालको काम, कर्तव्य र अधिकारः** (१) प्रत्येक विद्यालय र टोविस स्तरमा एक बालक्लब रहनेछ । विद्यालय□टोविसका सबै

बालवालिकाहरू यसका सदस्य रहनेछन् । बालबालिकाको भेलाबाट बालक्लबको बढिमा १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ जसमा कम्तीमा ५० प्रतिशत बालिका, अपाङ्गगता सहितको लैङ्गिगक सामाजिक समावेशीकरणको सुनिश्चितता गरिनेछ । बालक्लबको गठन तथा अद्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियानपछि एक महिनाभित्र गरी, संरक्षक र प्रधान संरक्षक शिक्षक□टोविस पदाधिकारी तोकी विद्यालय□टोविसको सिफारिस र सम्बन्धित वडाको सिफारिस समेतको आधारमा पालिकामा सूचीकृत गरिनेछ । पालिकाले रितपूर्वक आएका बालक्लबहरूलाई सूचीकृतको अनुसूची १ अनुसारको प्रमाणपत्र र बालक्लबको विधान प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी बालक्लबहरूलाई उपलव्ध गराउनु पर्नेछ ।

(क) टोविसको हकमा दफा (१) अनुसार नै बालबालिकाको भेलाले बढीमा १५ सदस्यीय बालक्लब गठन गरी, संरक्षक तोकी गठन भएको एक महिनाभित्र बेलबारी नगरपालिकामा सूचीकृत हुनु पर्नेछ । नगरपालिकाले अनुसुची १ अनुसारको प्रमाणपत्र जारि गर्नु पर्नेछ ।

(ख) बालक्लबले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, जीवन उपयोगी सीप, सम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्यूनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्ने छन् ।

(ग) बालक्लबको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लबले विधान अनुसार विभिन्न उपसमितिहरू निर्माण गर्न सक्नेछ ।

(घ) बालक्लब सूचीकरण अनुसूचि ६ अनुसार र नवीकरण अनुसूचि ७ अनुसार नगर कार्यपालिकामा अभिलेख राख्नु पर्नेछ ।

(२) बाल क्लबको बैठक तथा छलफलका विषयः

(क) सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रुपमा बैठक सञ्चालन गर्नुपर्नेछ ।

(ख) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(ग) बैठक सामान्यतया अधिकतम दुई घण्टाभन्दा बढी समय बस्ने छैन ।

(घ) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

(ङ) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछ ।

(च) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा ।

(छ) बालक्लबको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा ।

(ज) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि ।

(झ) आगामी कार्यक्रमको मिति, स्थान र समय, जिम्मेवारी विभाजन र स्रोत व्यवस्थापन तथा आवश्यकता अनुसार अन्य विषयहरू ।

(३) बाल क्लब सञ्जालहरूको गठन :

(क) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सृजना गर्न बालक्लब सञ्जाल गठन गर्न सकिनेछ ।

(ख) बालक्लब सञ्जाल वडास्तर, नगरपालिका स्तरका हुनेछन् ।

(ग) बालक्लब सञ्जाल गठन गर्नका लागि (नगरपालिका र वडा) तहमा बालक्लबहरूका प्रतिनिधिहरूको भेलाको आयोजना गर्नु पर्नेछ ।

(घ) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बालक्लबहरूलाई भेलाको मितिभन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(१) भेलाको मिति, समय र स्थान,

(२) भेलामा छलफल हुने विषयहरू,

(३) भेलामा आमन्त्रण गरिएको प्रत्येक बालक्लबहरूको प्रतिनिधि संख्या ( जातजाति, लिङ्ग समेत तय गरिएको भए सो समेत)

(४) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(५) भेलामा सहभागीका लागि उपलब्ध गराउन नसकिने नहुने सेवा र सुविधा, र

(६) अन्य आवश्यक विषयवस्तु ।

(४) बाल भेला सम्बन्धी व्यवस्था:

(क) बालक्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्नेछ ।

(ख) आफ्नो बालक्लबमा छलफल गरी निर्णय गरेको हुनुपर्नेछ, ।

(ग) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ ।

(घ) समुदायमा आधारित बालक्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(ङ) बालक्लबले भेलामा दुई वा सोभन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।

(च) सञ्जाल भेलामा सहभागी हुने बालक्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नेछ ।

(छ) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ । सञ्जालको नतेत्वको पुनर्गठन प्रत्येक वर्ष गर्नुपर्नेछ ।

(ज) बालक्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनुपर्नेछ ।

(झ) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

(ञ) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन बालक्लब वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(ट) बालबालिका माझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

(ठ) वडा तथा नगरपालिकाहरूमा गठन भएका बालक्लब सञ्जालहरू गठन भएको एक महिनाभित्र नगरपालिका कार्यालयमा सूचीकृत गर्नु पर्नेछ । बालक्लब सञ्जालको विवरण वडा कार्यालयवाट नियमित रुपमा नगरपालिकामा पठाउनु पर्ने छ ।

(ड) सूचीकृत भएका बालक्लब सञ्जालहरूले हरेक वर्ष अद्यावधिक गरी बेलबारी नगरपालिका कार्यालयमा नवीकरण गर्नु पर्नेछ । यसरी अद्यावधिक हुँदा सम्बन्धित सञ्जालले अद्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको

उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, संरक्षकको नाम र ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरूको वार्षिक प्रगति प्रतिवेदन संलग्न गर्नु पर्नेछ ।

(५) बालक्लब तथा बालक्लब सञ्जालका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

१. बालक्लबको बैठक र बालक्लबको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।
२. बालक्लबको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने ।
३. बालक्लबको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।
४. बालक्लबको निर्णय र जिल्ला बालकल्याण समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने ।
५. बालक्लबको प्रतिनिधि चयन गरी पठाउने वा बालक्लबको प्रतिनिधित्व गर्ने ।
६. उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरी दिने ।
७. सात दिनभन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
८. बाल क्लब जिल्ला समन्वय समितिसँग समन्वय गरी वा अन्य संघसंस्था वा निकायहरूसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।
९. तोकिएको अन्य कार्य गर्ने ।

ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भई कार्य गर्ने ।
२. तोकिएको अन्य काम गर्ने ।

ग. सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम, कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछ,

१. बालक्लबको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।
२. बालबालिका वा बाल बालक्लबसंग सम्बन्धित व्यक्तिको अद्यावधिक अभिलेख राख्ने ।
३. बालक्लबको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

४. बालक्लबको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
५. बालक्लबको प्रशासकीय कार्य गर्ने ।
६. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।
७. तोकिएको अन्य कार्य गर्ने ।

घ. सहसचिवको काम, कर्तव्य र अधिकार :
१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।
२. तोकिएको अन्य कार्य गर्ने ।

ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :
१. क्लबको आय व्यय दुरुस्त राख्ने ।
२. आर्थिक वजेट तयार गरी बालक्लबको वैठकमा पेश गर्ने ।
३. आर्थिक सहयोग जुटाउने ।
४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

च. सदस्यको काम कर्तव्य र अधिकार :
१. बैठकमा सहभागी हुने ।
२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।
३. तोकिएको कार्य गर्ने ।
४.बालक्लबको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

## परिच्छेद- ३

## बालकल्याण कोषको व्यवस्था

**१०. कोष सञ्चालन समितिको गठन देहाय बमोजिम ३ सदस्यको हुनेछ:**

(१) बालकल्याण कोष संचालनको लागि देहायको संचालक समिति रहनेछ ।

क. संयोजकः उप प्रमुख

ख. सदस्यः प्रमुख प्रशासकीय अधिकृत

ग. सदस्य सचिवः कार्यक्रम हेर्ने फोकल पर्सन

(२) कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतबाट हुनेछ ।

(३) कोषको खाता मान्यता प्राप्त बैंकमा खोलिनेछ ।

**११. बालकल्याण कोषको व्यवस्था :** (१) बेलबारी नगरपालिका स्तरमा एउटा बालकल्याण कोषको स्थापना गरिनेछ । **उक्त** कोषमा देहाय बमोजिमको रकमहरू रहनेछः

(क) स्थानीय तहबाट विनियोजन गरिएको रकम

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम

(घ) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम

(ङ) अन्य विविध श्रोतबाट प्राप्त हुन आएको रकम ।

(२) बालकोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्वर्द्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिनेछः

(क) जोखिमपूर्ण श्रममा संलग्न रहेको,
(ख) हराएको वा वेवारिस अवस्थामा फेला परेको,
(ग) ऋृणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,
(घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको,
(ङ) दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको,
(च) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरस" ग सम्बन्धित रहेको कारणले बेवारिस भएको,
(छ) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,
(ज) हिंसाबाट प्रभावित भएको,
(झ) बाबुआमा वा संरक्षकबाट वञ्चित भएको,
(ञ) अपाङ्गता भएको,
(ट) सुस्त मनस्थिति भएको,
(ठ) अपहरण वा शरीर बन्धकमा परेको,
(ड) सडक बालबालिका,

(ढ) एच.आई.भी. एड्स संक्रमित भएको,
(ण) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण विहीन अवस्थामा फेला परेको शिशु,
(त) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र
(थ) बालमैत्री नगर घोषणाका लागि तोकिएका सुचकहरु प्राप्त गर्ने अन्य कार्य ।

(३) दफा २ मा उल्लेख भए बाहेकको अन्य शिर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

(४) दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिनेछ ।

**१२. कोष संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः**

(१) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,
(२) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,
(३) स्वीकृत बालमैत्री नगरघोषण सम्बन्धि कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,
(४) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,
(५) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,
(६) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,
(७) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,
(८) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,
(९) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने
(१०) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**१३. कोष संचालक समितिको बैठक र निर्णयः**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको दुई तिहाई सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछन् ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य-सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा गरी खर्च गर्न सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**१४. रकम फ्रिज नहुने :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**१५. कोषको लेखा र लेखा परीक्षण**: (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।
(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१६ प्रतिवेदन पेश गर्नेः** (१) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४

## विविध

**१७. स्रोत व्यवस्थापन :** (१) बेलबारी नगरपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ । बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरि बालमैत्री लगानी योजना अनुसार खर्च गर्नेछ ।

**१८. प्रोत्साहन पुरस्कारको व्यवस्थाः** (१) बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, जनप्रतिनिधि, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई नगरपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

**१९. बालमैत्री नगर घोषणा सम्बन्धिः** (१) नेपाल सरकारले तोकेका ३९ वटा सूचकहरु बाहेक स्थानीय आवश्यकता अनुसार सूचकहरु थप गरि बालमैत्री नगर घोषणा गर्न सकिनेछ । बालमैत्री नगर घोषणा गर्ने कार्यमा सेवा प्रवाह सम्बन्धि सूचकहरु पुरा गर्ने जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको हुनेछ ।

**२०. ऐनको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** (१) ऐनको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा

अड्काउ फुकाउने अधिकार बेलबारी नगरकार्यपालिकालाई हुनेछ । यस ऐनको कार्यान्वयनमा आबश्यक पर्ने नियमावलि, कार्यविधि, मपदण्ड बनाई नगरपालिकाले लागु गर्न सक्नेछ ।

**२१.** बालबालिका सम्बन्धी कार्य सञ्चालन गर्दा यो ऐन बमोजिम हुनेछ र यस ऐनमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित संघिय कानूनमा भएको बालअधिकार संरक्षण र सम्बर्द्धन प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

२२. **खारेजी र बचाउः** (१) यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसंग बाँझिन गएमा बाँझिएको हद सम्म यो ऐनमा लेखिएको कुराहरू अमान्य हुनेछ  र संघिय कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ ।

अनुसूची-१

(दफा ९(ग) सँग सम्बन्धित)

**बालक्लब सूचीकृत प्रमाणपत्रको नमुना**

बेलबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मोरङ, जिल्ला

प्रदेश नं. १, नेपाल

आवद्धता नं... मिति.............................

श्री.......................................बालक्लव

...................................................

.........................जिल्ला..........................पालिका....................वडा नं............को ................................... विद्यालय/ समुदायमा गठन भएको ...................................बालक्लवलाई यस .........................नगरपालिकामा आवद्धता गरी बेलवारी नगरपालिका बालमैत्री स्थानीय शासन तथा बालअधिकार ऐनको २०७६ दफा ९ (ख) ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही यस पालिकाको बालमैत्री अभियानमा यहाँहरूको सकृय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत :

अनुसूची २

बालक्लब/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

मिति :..............

श्रीमान प्रमुख प्रशासकिय ज्यू,
बेलबारी नगर कार्यपालिकाको कार्यालय,
बेलबारी, मोरङ ।

विषय : बालक्लब सूचीकृत दर्ता गरी पाऊँ

महोदय,

हामीले ........................ नामको बालक्लब खोल्न चाहेकोले ................................स्थानीय तहवाट स्वीकृत "बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण ऐन, २०७६ को दफा ९ (ख) ले गरेको व्यवस्था बमोजिम बालक्लब सूचीकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित बालक्लबको बिधानको एक प्रति, सिफारिस, बालक्लब आवद्धता अभिलेख फारम र यथासक्य बालक्लबका पदाधिकारीहरूको जन्मदर्ता प्रमाण पत्रको फोटोकपी यसै साथ संलग्न गरिएको छ ।

भवदीय

अध्यक्ष

बालक्लब आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरू :

१) अनुसूची २ अनुसारको निवेदन
२) अनुसूची ५ अनुसारको विधान २ प्रति
३) बालक्लबको निर्णय
४) विद्यालयको हकमा विद्यालयको सिफारिस टोविसको हकमा टोविसको सिफारिस
५) वडाको सिफारिस
६) बालक्लब कार्यसमितिका बालबालिकाको जन्मदर्ताको प्रतिलिपी ।

## अनुसूची ३
## बालअधिकारको संरक्षण तथा सम्बर्द्धनमा नगरपालिका वा वडाले सम्बोधन गर्नसक्ने क्रियाकलापहरू

# १. बाल बचावट

| | |
|---|---|
| स्थानीय स्वास्थ्य संस्थामा खोप/औषधीको पर्याप्तता | ▪ स्थानीय स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभूत स्वास्थ्य सेवा, औषधी तथा खोपको सुनिश्चितता गर्ने ।<br>▪ स्वास्थ्य विमा लागू भएका क्षेत्रहरूमा सबै बालबालिकाको स्वास्थ्य विमा प्रबर्द्धन गर्ने तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाको स्वास्थ्य विमा गराउने प्रबन्ध गर्ने । |
| स्वास्थ्य संस्थामा किशोर किशोरीका स्वास्थ्यका विषयहरूको प्रभावकारी सम्बोधन | ▪ किशोर किशोरीलाई मुलतः यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या भन्न सक्ने वातावरण सिर्जना गर्न तथा गोपनीयता कायम गर्न स्वास्थ्यकर्मीहरूलाई संवेदनशील बनाउने । |
| गर्भावस्था वा प्रसुतीपछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षण । | ▪ जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य केन्द्रहरूको परिचालन तथा अनुगमन गर्ने र नियमित मातृ-शिशुको स्वास्थ्य परीक्षणका लागि सचेतना गर्ने ।<br>▪ विभिन्न स्थानहरूमा शिविरहरू सञ्चालन गर्न लगाउने ।<br>▪ गर्भावस्था परीक्षणको लागि निश्चित दिन तोकी गर्भवति महिलालाई पोषणयुक्त खानाको व्यवस्था गर्दै तालिमको व्यवस्था गर्ने । |
| स्वास्थोपचारको क्रममा हिंसाजन्य कारणको आभाष हुनु | ▪ कुनै पनि बालबालिकालाई स्वास्थोपचार गर्न ल्याउँदा गम्भीर शारीरिक चोटपटकको उपचार गर्ने क्रममा सो कुनै व्यक्तिको लापरवाही/दुर्व्यवहार, हिंसा वा जोखिममा पर्न गएको आभास भएमा स्वास्थ्यकर्मीले सोबारे नजिकको प्रहरी/बालकल्याण समिति/सम्बन्धित निकायमा जानकारी गर्ने व्यवस्था गर्ने । |

# २. बालसंरक्षण सम्बन्धी प्रमुख विषय तथा कार्यहरू

| विषयहरू | सम्बोधन कार्यहरू |
|---|---|
| विविध कारणहरूले सडक लगायतका सार्वजनिक स्थानमा आश्रित बालबालिका । | ▪ बालबालिका सडकमा आउने कारकतत्वहरूबारे अभिभावक तथा समुदायलाई सचेतना गर्ने ।<br>▪ परिवारबाट अलग हुने जोखिममा रहेका बालबालिकाको लागि पारिवारिक सहयोग तथा आर्थिक विकासका कार्य गर्ने ।<br>▪ सडकमा जीवनयापन गरिरहेका बालबालिकालाई सेवा प्रदायक संस्थासँग |

| | |
|---|---|
| | समन्वय गरी तत्काल उद्धार तथा व्यवस्थापन गर्ने - पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना, पुनर्एकीकरण गर्ने ।<br>▪ सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्र सञ्चालनमा सहयोग गर्ने । |
| अनाथ, असहाय वा बेवारिस अवस्थाका बालबालिका | ▪ कुनै पनि कारणबाट अनाथ, असहाय वा बेवारिस भएका बालबालिकाको पहिचान गरी सूचना अद्यावधिक गर्ने ।<br>▪ यस्ता बालबालिकाका लागि अस्थाई आवास तथा पुनर्स्थापनाको व्यवस्था गर्ने ।<br>▪ यस्ता बालबालिकाको परिवार वा आफन्तको खोजी गरी परिवारमा पठाउने ।<br>▪ परिवारमा आधारित स्याहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागि आवासीय बालगृह वा अन्य वैकल्पिक स्याहारको व्यवस्था गर्ने ।<br>▪ वैकल्पिक स्याहार प्रदान गर्न योग्य तथा इच्छुक व्यक्ति तथा संस्थाहरूको पहिचान तथा सूचीकरण गर्ने । |
| अपाङ्गता भएका बालबालिका | ▪ अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको विविध किसिम सहित तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्ने र परिचय पत्रको व्यवस्था गर्ने गराउने ।<br>▪ अपाङ्गता भएका बालबालिकाको लागि आवश्यक पर्ने विशेष स्याहार, मनोविमर्श, पुनर्स्थापना, उपचार, छात्रवृत्ति जस्ता सेवाहरूको नक्साङ्कन तथा सूचीकरण गर्ने ।<br>▪ सेवा उपलब्ध नभएको अवस्थामा आवश्यकता अनुसार सेवाको स्थापना, सञ्चालन, मापदण्ड निर्धारण तथा अनुगमन गर्ने तथा गैरसरकारी तथा निजी सेवा प्रदायक मार्फत त्यस्ता सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।<br>▪ अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ बमोजिमका अन्य कार्यहरू गर्ने । |
| बालविवाह | ▪ बालविवाहको आर्थिक, सामाजिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकाससम्बन्धी असर र कानूनी प्रावधान आदिबारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने ।<br>▪ बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाई-बुझाई तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गर्ने ।<br>▪ बालविवाहका घटनाको दर्ता र सो को महत्वबारे समुदायमा सचेतना गर्ने । |
| बालश्रम अन्त्य गर्ने गराउने | ▪ बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक क्षेत्रको नियमित अनुगमन गर्ने ।<br>▪ बालश्रम उपयोग निरुत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामाग्री प्रयोग नगर्ने नगराउने । |

| | |
|---|---|
| | ▪ निश्चित आधार तथा मापदण्डको आधारमा बालश्रम मुक्त वडा/पालिका घोषणा तथा हरियो झण्डा अभियान (बालश्रममुक्त यातायात क्षेत्र, होटल, रेस्टुरेन्ट, उद्योग तथा कलकारखाना, आदि) सञ्चालन गर्ने ।<br>▪ घरेलु बालश्रमिक विरुद्ध हुन सक्ने जोखिम भएका परिवार लक्षित चेतना अभिवृद्धिका साथै आय आर्जन लगायतका सेवाहरूमा पहुँच स्थापना गर्ने ।<br>▪ गैर कानुनी रूपमा श्रममा लगाइएका बालबालिकाको लागि कानुनी उपचार तथा काममा लगाउनेबाट क्षतिपूर्तिको लागि सहजीकरण गर्ने । |
| बालबालिकाको बेचबिखनको अन्त्य | ▪ देशभित्र तथा देश बाहिर हुने बालबालिकाको बेचबिखन विरुद्ध अभिभावक तथा बालबालिकालाई सञ्चार माध्यम, स्थानीय बालक्लब, बालक्लब, विद्यालय लगायत विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>▪ बालबालिकाको बेचबिखन रोक्नका लागि नेपाल प्रहरी तथा संघसंस्थाहरूसँगको समन्वयमा स्थानीय तहका मुख्य नाकाहरूमा चेक पोष्टहरूको व्यवस्था गर्ने ।<br>▪ बेचबिखनमा पारिएका बालबालिकाको उद्धार, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, आपत्कालिन संरक्षण, परामर्श, कानुनी उपचार तथा जिवनोपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग प्रदान गर्ने । |
| अनुशासनको नाममा दिइने शारीरिक तथा मानसिक दण्ड सजाय | ▪ घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल वा अन्य स्थानमा अनुशासनको नाममा बालबालिका उपर हुने शारीरिक तथा मानसिक दण्डसजाय दिएमा हुनसक्ने सजाय तथा कानुनबारे प्रचार प्रसार गर्ने ।<br>▪ विद्यालयमा भयरहित वातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा जागरण तथा सहकार्य प्रबर्द्धन गर्ने । |
| यौन शोषण वा दुर्व्यवहार | ▪ बालबालिकामाथि हुने यौनशोषण तथा दुर्व्यवहार र यसबाट बच्ने उपायबारे समुदायमा आधारित संघसंस्था वा बालक्लब, बालबालिका, अभिभावक, शिक्षक, खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूमा प्रशिक्षक आदिलाई सचेतना अभिवृद्धि गर्ने ।<br>▪ शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौनशोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने । |
| हेपाई (बुलिङ) | हेपाइले बालबालिकाको मानसिक तथा वौद्धिक विकासमा नकारात्मक असर पुऱ्याई उनीहरूको व्यक्तित्व विकासमा नै प्रभाव पार्ने हुनाले हेपाइ हुने सम्भावित स्थलमा (खासगरी विद्यालयमा) विभिन्न कार्यहरू आवश्यक पर्दछ, जस्तै :<br>▪ हेपाई नगर्ने र नगराउने बारे विभिन्न माध्यमबाट सचेतना गर्ने । |

| | |
|---|---|
| | ▪ हेपाई गर्नेलाई स्थान र घटनाको प्रकृतिको आधारमा सम्झाउने, बुझाउने तथा कानुनी कारवाही हुने देखिएमा सम्बन्धित अधिकारीको सहयोग लिने । |
| विपद्मा बालबालिकाको संरक्षण | ▪ सम्भावित बाढी पहिरो आउने स्थानको पहिचान गरी सोको नियन्त्रणका लागि आवश्यक कार्य गर्ने ।<br>▪ विपद् प्रभावित बालबालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रवन्ध मिलाउने ।<br>▪ विपद्मा परेका बालबालिकाको व्यवस्थापनका लागि आवश्यक अस्थायी सिकाइ केन्द्रहरूको व्यवस्थापनका लागि समन्वय गर्ने ।<br>▪ विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्ने । |
| इन्टरनेट सुविधाको माध्यमबाट बालबालिका माथि हुनसक्ने जोखिम न्युनीकरण | ▪ इन्टरनेटको सही प्रयोग तथा यसको दुरुपयोगबाट हुनसक्ने हानीबारे शिक्षक, बालबालिका तथा अभिभावकलाई सचेतना गर्ने ।<br>▪ इन्टरनेटको दुरुपयोगबाट जोखिममा परेका बालबालिकालाई मनोसामाजिक परामर्श, कानूनी उपचार लगायतका आवश्यक सहयोग गर्ने । |
| लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार | ▪ लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार विरुद्ध विद्यालय, अभिभावक र बालबालिकालाई सचेतना गर्ने ।<br>▪ दुर्व्यसनमा परेका बालबालिकाको पुनःस्थापनका लागि विभिन्न संघसंस्था तथा निकायहरूको समन्वयमा आवश्यक दुर्व्यसन उपचारको व्यवस्था गर्ने ।<br>▪ लागूपदार्थको ओसारपसारमा बालबालिकाको संलग्नतालाई नियन्त्रण गर्न सीमाक्षेत्रका नाकाहरूमा विशेष निगरानीको व्यवस्था गर्ने । |

## ३. बालविकाससम्बन्धी प्रमुख विषय तथा कार्यहरू

| **विषयहरू** | **सम्बोधन कार्यहरू** |
|---|---|
| समयमा पाठ्यपुस्तकको उपलव्धता | ▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विधार्थीहरूको संख्या एकीन गरी समयमै पाठ्पुस्तकको व्यवस्थापनका लागि पालिकाले सम्बन्धित निकायसँग समन्वय गर्ने ।<br>▪ सबै बालबालिकाले समयमै पाठ्पुस्तक पाए नपाएको अनुगमन गर्ने । |
| छात्रवृत्तिको अनुगमन | ▪ विविध बालक्लबका बालबालिकालाई प्रदान गरिने छात्रवृत्तिहरूको उचित ढंगले वितरण गरे नगरेको अनुगमन गर्ने । |
| अनुशासनका नाममा | ▪ विद्यालयलाई दण्ड सजायमुक्त घोषणा गर्न शिक्षकहरूलाई भयरहित |

| | |
|---|---|
| दण्ड सजाय दिइनु | शिक्षण सिकाईसम्बन्धी तालीम दिई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने ।<br>▪ विद्यालयमा दण्ड सजायका घटना घटेमा तत्काल आवश्यक सम्बोधन तथा कारवाही गर्ने गराउने । |
| विद्यालयमा शौचालय, सरसफाइ सामग्री, खानेपानी लगायतका आधारभूत पुर्वाधार | ▪ छात्र र छात्राको लागि छुट्टाछुट्टै, अपाङ्गमैत्री शौचालय भए नभएको अनुगमन गर्ने र नभएमा सोको व्यवस्था गर्ने गराउने ।<br>▪ छात्राहरूका निम्ति स्यानेटरी प्याडको व्यवस्था गर्ने गराउने, सोको उपयोग तथा प्रयोग पश्चातको व्यवस्थापन गराउने ।<br>▪ खानेपानीको उचित व्यवस्थापन गर्ने गराउने, |
| बालबालिकाको शैक्षिक नियमितता | ▪ निःशुल्क तथा अनिवार्य शिक्षा अवधारणाको सचेतीकरण गर्ने ।<br>▪ विपन्न परिवारका बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रवृत्ति लगायतको व्यवस्था गरी नियमित विद्यालय जानको लागि अभिप्रेरित गर्ने ।<br>▪ आवश्यकता अनुसार दिवा खाजाको व्यवस्था गर्ने गराउने । |
| शिक्षण सिकाइ यिमित नहुनु | ▪ शिक्षण नियमित भए नभएको अनुगमन गरी गराई दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने । |
| भेदभाव तथा हेपाइ | ▪ विद्यालयहरूमा कुनै पनि दृष्टिकोणबाट विधार्थी विधार्थी बीच हुने वा विधार्थीमाथि हुनसक्ने कुनै पनि किसिमको भेदभाव, हेपाइ, दुर्व्यवहार हुन नदिन विद्यालय बालसंरक्षण नीति/आचारसंहिता बनाई लागू गर्ने ।<br>▪ विद्यालयमा उजुरी पेटिका राख्नुको साथै यससम्बन्धी सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने र समयसमयमा अनुगमन गर्ने । |
| प्रारम्भिक बालविकास केन्द्रको अनुगमन | ▪ आफ्नो कार्यक्षेत्रभित्र बालबालिकाको पहुँच हुनेगरी प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन भए नभएको अनुगमन गरी सोको व्यवस्थित तथा बालमैत्री सञ्चालनका लागि सहजीकरण गर्ने । |
| विद्यालयमा मनोविमर्श सेवाको व्यवस्था गर्ने | ▪ प्रत्येक विद्यालयमा मनोविमर्श सेवाको सुनिश्चितताका लागि तालिम प्राप्त मनोविमर्शकर्ताको व्यवस्था गर्ने वा विद्यालयकै शिक्षकलाई मनोविमर्श सम्बन्धी उपयुक्त तालिम दिई सो सम्बन्धी सेवा प्रदान गर्ने । |
| विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन | ▪ विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने ।<br>▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालयहरूमा बालबालिकाको नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गर्ने । |

# ४. सहभागितासम्बन्धी प्रमुख विषय तथा कार्यहरू

| विषयहरू | सम्बोधन कार्यहरू |
|---|---|
| बालक्लबको सूचीकरण तथा गठन | ▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालय तथा समुदायमा आधारित बालक्लबहरूको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्ने ।<br>▪ बालसंरक्षणका सवालहरू पहिचान तथा सम्बोधनका लागि बालक्लबहरूको आवश्यक परिचालन गर्ने । |
| योजना तर्जुमामा बालसहभागिता | ▪ पालिकास्तरीय नीति निर्माण तथा कार्यक्रम तर्जुमाको क्रममा बालबालिकासम्बन्धी विषयवस्तुका लागि बालबालिकाको उपयुक्त विचार वा सुझावलाई समावेश गर्ने ।<br>▪ पालिका अन्तर्गत गठन हुने विभिन्न समिति, उप समितिहरूमा बालबालिकाको शैक्षिक र शारीरिक क्षमताको आधारमा सहभागी गराउने (सदस्य वा आमन्त्रित) । |
| बालसहभागिताबारे सचेतना | ▪ परिवार, विद्यालय, समुदाय, वडा तथा पालिकास्तरमा बालसहभागिताको महत्वबारे अवधारणागत स्पष्टताका लागि आवस्यक अन्तरक्रिया तथा अभिमूखीकरण गर्ने । |

अनुसूची ४

## बालमैत्री स्थानीय शासनका ३९ वटा सूचकहरू

(संघिय सरकाले थप गर्ने र नगरपालिकाले थप गर्ने सुचक अनुसार थपघट हुन सक्ने )

### १. बाल बचावट

१। ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने,

२। १ वर्षभित्रका बालबालिकाले पूर्ण रुपमा खोप- वि.सि.जि., डिपिटी, हेपटाइटिस वी, वि हब ३, पोलियो, दादुरा, मात्रा) पाएको हुनुपर्ने,

३। ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने,

४। गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने,

५। गर्भवती महिलाहरूले कम्तीमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने,

६। गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने,

७। एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन्,

८। गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने,

९। सबै घरधुरीमा स्वच्छ खानेपानीको सुविधा हुनु पर्ने,

१०। साबुनपानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानुअघि र बालबालिकाको दिसा धोएपछि) ।

## २. बालसंरक्षण

१। ५ वर्षमुनिका सबै बालबालिकाको जन्मदर्ता भएको हुनुपर्ने,

२। बालविवाहको संख्यामा कमी आएको हुनेछ,

३। निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनुपर्ने,

४। घरपरिवार र समुदायवाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्न पहल भएको हुनुपर्ने,

५। बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने ।

## ३. बालविकास

१। ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने,

२। ५ देखि १२ वर्ष उमेरका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पूरा गरेको हुनुपर्ने,

३। कक्षा १ को लागि विद्यालय जाने उमेरका शत्प्रतिशत बालबालिका विद्यालय भर्ना भएका हुनुपर्ने,

४। विद्यालय जान नपाएका बालबालिकाले अनौपचारिक शिक्षा प्राप्त गरेको हुनुपर्ने,

५। प्रत्येक विद्यालयमा छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनेछ,

६। प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## ४. बालसहभागिता

१। स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने,

२। स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,

३। विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ,

४। स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व हुनेछ,

५। गाउँपालिकाको प्रत्येक वडामा बालबालक्लब गठन भई क्रियाशील रहेको हुनेछ,

६। जिल्ला, नगर तथा गाँउ तहमा बाल सञ्जाल गठन भएको हुनुपर्ने ।

## ५. संस्थागत सूचकहरू

१। स्थानीय तहको परिषद् बैठक नियमित रुपमा सञ्चालन भएको हुनेछ,

२। स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्,

३। स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ,

४। स्थानीय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन्,

५। स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्,

६। स्थानीय स्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरू सञ्चालन भएका हुनेछन्,

७। स्थानीय स्तरमा बालक्लबहरूको सक्रियता रहनेछ,

८। स्थानीय स्तरमा पारालिगल कमिटि र बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन्,

९। स्थानीय स्तरमा बाल सञ्जाल विकास भएको हुनेछ र जिल्लास्तरसम्म उनीहरूको प्रतिनिधित्व रहनेछ,

१०। बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ,

११। जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ,

१२। बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

## अनुसूची ५
## बाल क्लब गठन सम्बन्धि बिधानको नमुना

श्री ........................................................................ बालक्लब,

बेलबारी नगरपालिका..........वडा

बालक्लबको विधान- २०७५

प्रस्तावना

बालअधिकारको संरक्षण र सम्बर्द्धनमा स्वयं हामी बालबालिकाबाटै सहयोग पुऱ्याउने अभिप्रायले बालअधिकार प्राप्तिका लागि महत्वपूर्ण सहयोगी सरोकारवाला पक्षहरूमा सचेतना अभिवृद्धि गर्दै हामी बालबालिकाको भविष्यलाई उज्यालोतर्फ डोऱ्याउन, हामी बालबालिकामा भएको क्षमता र प्रतिभाको विकास र प्रस्फुटन गर्न साथै बालबालिकाको बालबचावटको अधिकार, बालविकासको अधिकार र बालसंरक्षणको अधिकार प्राप्तिमा महत्वपूर्ण योगदान गर्न र आफ्नो अधिकार लिन बालसहभागिताको अधिकारमार्फत् हामी बालक्लबका सम्पूर्ण पदाधिकारीहरू सहमत भई हाम्रो बालक्लबको नाम .................................. बालक्लब राखी ..........................वडा नं. ........ को ............................................................ मा क्लबको सम्पर्क कार्यालय रहने गरी बेलबारीबालमैत्री स्थानीय शासन तथा बालसंरक्षण ऐन २०७६ बमोजिम यो विधान लागू गरिएको छ ।

## परिच्छेद-१
## नाम र प्रारम्भ

### १. नाम र प्रारम्भः

१.१ यस क्लबको नाम..................................................बालक्लब रहनेछ । यो बालक्लब विद्यालय□समुदायस्तरको बालक्लबको रुपमा रहनेछ ।

१.२ यो विधान बेलबारीनगरपालिकामा सूचीकृत भई क्लबको वैठकको निर्णयानुसार तोकिएको मितिदेखि लागू हुनेछ ।

१.३ यस क्लबको सम्पर्क कार्यालय.................................वडा नं............को ...............................................................................मा रहनेछ ।

१.४ यस क्लबको छुट्टै छाप रहनेछ । छापको वरिपरि बालक्लबको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा गोलो आकृतिमा बसेका एघार जना बालबालिकाको चित्र अंकित रहनेछ । लोगो अनुसूची (क) मा समावेश गरिएको छ ।

## परिच्छेद-२
## परिभाषा, उद्देश्य तथा सदस्यता

### २. परिभाषा

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

२.१ "बालक्लब" भन्नाले बालक्लबले तोकेको सेवा क्षेत्रभित्रका ८ बर्षदेखि १८ बर्षसम्मका सबै बालबालिकाको संगठित समूहलाई जनाउनेछ ।

२.२ "सदस्य" भन्नाले यस विधान बमोजिम क्लबको सदस्यता प्राप्त बालबालिका सम्झनु पर्दछ ।

२.३ "विधान" भन्नाले बालक्लबको विधान सम्झनु पर्नेछ ।

२.४ "साधारण सभा" भन्नाले क्लबको वार्षिकरुपमा हुने सभालाई जनाउँदछ ।

२.५ "कार्यसमिति" भन्नाले विधान बमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।

२.६ "सल्लाहकार समिति" भन्नाले बालक्लबमा काम गरी अनुभव प्राप्त पूर्व पदाधिकारी एवं कार्यसमितिले मनोनित गरेका सदस्यहरुलाई जनाउनेछ ।

२.७ "उपसमिति" भन्नाले आवश्यता अनुसार गठन भएका सदस्यहरूको बालक्लबलाई जनाउनेछ ।

२.८ "बालक" भन्नाले बालक र बालिका दुबैलाई सम्झनुपर्दछ ।

**३. बालक्लबको उदेश्यः**

निम्न उद्देश्यहरू लिई यो बालक्लब स्थापना गरेका छौं ।

क. हामी बालबालिकाको भविष्यको लागि राम्रो जग बसाउन,
ख. हामी निस्क्रिय रहने समयको सदुपयोग गर्न,
ग. बालक्लबसँग बसेर छलफल गर्न,
घ. हामी आफ्नै अन्य बालबालिका साथीहरू, परिवार तथा समुदायका लागि उपयोगी हुने विषयहरूमा चेतना जगाई कार्य जिम्मा दिन र लिन,
ङ. हामी बालबालिकामा सामाजिक र एकताको भावना जागृत गराउन,
च. हामीलाई कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरू व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन,
छ. बालअधिकारसँग सम्बन्धित समस्या केलाउन र समाधान गर्न सक्ने बन्न,
ज. हामीमा नेतृत्व र आत्मविश्वास विकास गर्न साथै हामी र हाम्रो भावनाको विकास हामीमा गर्न,
झ. बालअधिकारसँग सम्बन्धित विभिन्न क्रियालकलापहरूमा समुदायमा रहेका सम्पूर्ण दलित, अपाङ्ग, पछाडि पारिएका बालबालिका, विद्यालय जान नपाएका, विद्यालय छाडेका र विद्यालय पढ्दै गरेका बालबालिकाको समेत सामूहिक सहभागिता जुटाउन,
ञ. स्थानीय तहमा बालमैत्री स्थानीय शासन लागूगर्न सूचकहरूमा काम तथा पैरवी गर्ने ।

**४. क्लबको उद्देश्य प्राप्तिका लागि समुदायमा गर्न सकिने क्रियाकलापहरूः**

(क) क्लबको सदस्यता वितरण ।

(ख) कार्यसमितिको चयन ।

(ग) वार्षिक कार्ययोजना निर्माण ।

(घ) कार्ययोजना बमोजिम विविध कार्यक्रमहरू सञ्चालन गर्ने जस्तै :

- बालअधिकारसँग सम्बन्धित विभिन्न समस्याहरूको पहिचानका लागि सर्वेक्षण र विश्लेषण कार्य ।

- चेतनामूलक कार्यक्रमहरू (एच.आई.भी/एड्स, लैङ्गिक विभेद, सरसफाई, बालबालिका उपरको दुर्व्यवहार र दण्ड सजाय, बालविवाह, दाइजो, अपहरण, कुटपिट, बेचबिखन, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग आदिका विरुद्धका अभियानहरू, (सडक नाटक, दोहोरी गीत, लोक गीत, वक्तृत्वकला, सार्वजनिक सुनुवाई, निवन्ध, चित्रकला, र्‍याली, अन्तरक्रिया),
- प्रतियोगितात्मक कार्यक्रमहरू : खेलकुद, विभिन्न विषयमा वादविवाद, चित्रकला, हाजिरी जवाफ, वक्तृत्वकला आदि ।
- सरसफाइ कार्यक्रमहरू : घरपरिवार र समुदाय तथा व्यक्तिगत सरसफाइसँग सम्बन्धित चेतनामूलक अभियानहरू सञ्चालन गर्न सक्नेछन् ।
- विद्यालय भर्ना र भर्ना भएका बालबालिकाको नियमित अनुगमन गर्ने, तथा विद्यालय जान उत्प्रेरित गर्ने
- विविध कार्यक्रमहरू : सर्वेक्षण, विश्लेषण, खोप कार्यक्रमहरूमा स्वयं सेवक, घरभेट कार्यक्रम, सांस्कृतिक कार्यक्रम, विद्यालय भर्नाका लागि कार्यक्रम लगायत द्वन्द्वपीडित, अनाथ, अपाङ्ग र विपन्न बालबालिकाका लागि शैक्षिक सहयोग कार्यक्रम, अन्तर बालक्लब भ्रमण, अन्तरबालक्लब प्रतियोगितात्मक कार्यक्रमहरू र बालभित्ते पत्रिका प्रकाशन ।

(ङ) माथिका कृयाकलापहरूका अतिरिक्त बालक्लबको बैठकले निर्णय गरी अन्य समसामयिक विषयहरूमा स्थानीय बालक्लब प्रवर्द्धन सहयोग समितिको परामर्शमा थप कार्यक्रमहरू सञ्चालन गर्न सकिने छ ।

(च) क्लबले आफ्नो कार्यक्रम सञ्चालन गर्न अनुसूची- २ मा उल्लेखित सरोकारवालाहरूसँग सहयोग लिएर कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## ५. सदस्यता सम्बन्धी व्यवस्था :

### ५.१ सदस्यको प्रकार :

हाम्रो बालक्लबमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :

(क) साधारण सदस्य

(ख) कार्यसमिति सदस्य

(ग) आवश्यक सम्झेमा अन्य प्रकारका सदस्यहरू समितिले निर्धारण गर्न सक्नेछ ।

**५.२ सदस्यता प्रदान गर्ने विधि र नियमहरू :**

(क) यस क्लबको सदस्यता लिनको लागि ८ वर्ष पूरा भई १८ वर्ष ननाघेको बालबालिका हुनुपर्नेछ ।

(ख) १८ वर्ष उमेर पूरा भईसकेपछि यस क्लबको सदस्यबाट स्वतः हटनेछन् र सल्लाहकारको रुपमा कार्य गर्न सक्नेछ ।

(ग) समुदायका तोकिएका सेवा क्षेत्रका सम्पूर्ण बालबालिका क्लबको साधारण सदस्य बन्न सक्नेछन् ।

(घ) प्रत्येक सदस्यहरूले क्लबले निर्दिष्ट गरेका आचरणहरू पूरा गर्नुपर्नेछ । क्लबले आचरण सम्बन्धी कारवाही नगरेको अवधिसम्म यस क्लबको सदस्य बनिरहन सकिनेछ ।

## परिच्छेद-३
## साधारण सभा तथा कार्यसमिति

**६. बैठकसम्बन्धी व्यवस्था :**

६.१ कार्यसमितिको बैठक कम्तीमा वर्षको १२ पटक (मासिक एक पटक) र साधारणसभा वर्षको १ पटक बस्नेछ ।

६.२ २५ प्रतिशत सदस्यहरूले साधारण सभा बोलाई पाऊँ भनी क्लबका अध्यक्षसमक्ष निवेदन गरेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

६.३ साधारणसभाका लागि ७ दिन अगावै साधारणसभा हुने स्थान, समय, मिति र छलफलका बुँदाहरू सहित सम्पूर्ण सदस्यलाई उपस्थितिको लागि सूचना दिनुपर्नेछ ।

**७. कार्यसमिति गठन विधि र पदावधिः**

७.१ साधारण सभाले प्रत्येक १ वर्षमा प्रजातान्त्रिक प्रणालीबाट आफ्ना सदस्यहरू मध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १, र सदस्यहरू सहित घटिमा ७ र बढीमा १५

जनासम्मको कार्यसमिति गठन गर्नेछ । समितिमा ३३ प्रतिशत बालिकाको प्रतिनिधित्व हुनु पर्नेछ । अध्यक्ष , उपाध्यक्ष , सचिव वा कोषाध्यक्षमा १ बालिका अनिवार्य हुन पर्नेछ ।

७.२ यसरी गठन भएको कार्यसमितिको पदावधि एक वर्षको हुनेछ ।

## ८. साधारण सभाको काम, कर्तव्य र अधिकारः

८.१ सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सूचीमा समावेश भएका विषयहरूमा छलफल गरी निर्णय गर्ने ।

८.२ क्लबको गतिविधि समीक्षा गरी आवश्यक नीति निर्देशन तयार गर्ने ।

८.३ क्लबको लेखा परीक्षण समुदायमा रहेका शिक्षकहरूमध्येबाट गराई सो को प्रतिवेदन तयार गर्ने ।

८.४ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने ।

८.५ विधान संसोधन गर्नुपर्ने भए सो कुरा उल्लेख गरी स्थानीय वडा समितिको सिफारिसका साथ गाउँपालिकामा पेस गरी संसोधन गर्ने ।

८.५ अन्य तोकिएका कार्यहरू गर्ने ।

## परिच्छेद-४
## कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

## ९. पदाधिकारीको काम, कर्तव्य र अधिकारः

### ९.१ अध्यक्ष

(क) क्लबको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने ।

(ख) क्लबको निर्णयहरू कार्यान्वयन गर्ने र गर्न लगाउने ।

(ग) क्लबको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने ।

(घ) मत बराबर भएमा निर्णायक मत दिने ।

(ङ) समुदाय, विद्यालय, जिल्ला बाल कल्याण समिति र अन्य सहयोगी संस्थाहरू बीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

### ९.२ उपाध्यक्ष

(क) अध्यक्षको अनुपस्थितिमा निजले गरिआएको अधिकारहरू प्रयोग गर्ने ।

(ख) अन्य बखतमा अध्यक्षको सहयोगी भूमिका निर्वाह गर्ने ।

**९.३ सचिव**

(क) साधारण सभा र कार्यसमितिको निर्णय अनुरुप संस्थाको कार्यसञ्चालनमा सहयोग गर्ने ।

(ख) बैठक बोलाउने र बैठक निर्णय अभिलेख राख्ने ।

(ग) बैठकमा राखिने विषयहरूमा अग्रिम जानकारी सबैलाई पु¥याउने ।

(घ) क्लबमा प्राप्त भएका सूचनाहरू क्लबका अन्य पदाधिकारीहरूलाई जानकारी गराउने ।

(ङ) बैठकको निर्णय लेख्ने ।

**९.४ सहसचिव**

(क) सचिव अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरू गर्ने

(ख) अध्यक्षले तोकेका अन्य कामहरू गर्ने ।

**९.५ कोषाध्यक्ष**

(क) क्लबको सम्पूर्ण नगदी, जिन्सीहरूको जिम्मा लिने र त्यस सम्बन्धी श्रेस्ताहरू अद्यावधिक राख्ने ।

(ख) क्लबको आय व्ययको विवरण कार्यसमितिमा र साधारण सभामा पेश गर्ने ।

(ग) आगामी वर्षको बजेट तर्जुमा गरी साधारण सभामा पेश गर्ने ।

(घ) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्रमा प्रधानाध्यापकको अनुमतिले शिक्षकबाट लेखा परीक्षण गराउने ।

**९.६ सदस्य**

(क) क्लबको बैठकमा नियमित उपस्थित हुने ।

(ख) क्लबको हितको लागि सबै लागि पर्ने ।

(ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

(घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद-५
## आर्थिक व्यवस्था

**१०. आर्थिक स्रोत :**

आर्थिक स्रोत निम्न अनुसार रहनेछ :

(क) साधारण सदस्यता वापतको वार्षिक सदस्यता शुल्क ।

(ख) नगरपालिका र अन्य सरोकारवाला निकायबाट प्राप्त रकम ।

(ग) क्लबको प्रगतिका लागि अन्य ईच्छुक अभिभावक, चन्दादाताहरूबाट प्राप्त सहयोग रकम ।

(घ) विदेशी दातृ संस्थाबाट प्राप्त सहयोग नगद जिन्सी

(ङ) देउसी भैलो कार्यक्रमबाट प्राप्त नगद जिन्सी

(च) क्लबका प्रकाशनहरू बेचविखनबाट प्राप्त रकम ।

(छ) प्रशिक्षक वा सहभागी भई क्लबका पदाधिकारीहरूले अन्यत्र काम गरी प्राप्त गरेको रकमको कार्यसमितिले निर्णय गरेको निश्चित प्रतिशत रकम ।

(ज) अन्य विभिन्न स्रोतबाट प्राप्त रकम ।

**११. कोषः**

११.१ क्लबमा जम्मा भएको रकम स्थानीय पायक पर्ने बैंकमा क्लबको छुट्टै नाममा खाता खोल्न सकिनेछ । उक्त खाता अध्यक्ष, कोषाध्यक्षको तथा संरक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

११.२ खाताको व्यवस्था नहुञ्जेलसम्म बालसंरक्षण समिति वा संरक्षकको जिम्मामा रकम रहनेछ र सो को हिसाब किताब बालक्लबले राख्नेछ ।

## परिच्छेद-६
## विविध

**१२. विधान संशोधन :**

यस विधानमा उल्लेखित दफा तथा उपदफाहरू संशोधन गर्नुपर्ने भएमा साधारण सभाको दुई तिहाई बहुमतबाट संशोधन गर्न सकिनेछ । तर संशोधन भएको उक्त विधान नगरपालिकामा पेश भई स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**१३. क्लबको विघटनः**

कुनै कारणवस क्लब सञ्चालन हुन नसकी क्लबको विधान बमोजिम सम्पूर्ण सदस्यहरू मध्ये दुई तिहाई बहुमतबाट पारित गरी पठाएको क्लब विघटन सम्बन्धी निर्णय वडाको सिफारिसमा नगरपालिकाले स्वीकृति दिएमा क्लबको विधिवत् विघटन भएको मानिनेछ । सो अवस्थामा क्लबको सम्पूर्ण चल अचल सम्पतिहरू नगरपालिकाको हुनेछ ।

**१४. निस्कृयताः**

यस विधानमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुने छन् ।

बालक्लब दर्ता गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरू र हस्ताक्षर:

| क्र.सं | नम | उमेर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |

अनुसूची -क

**क्लबको लोगो**

वरिपरि बालक्लबको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा गोलो आकृतिमा बसेका एघार जना ( वडा संख्याको आधारमा) बालबालिकाको चित्र अङ्कित लोगो

# अनुसूची ६

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
प्रदेश नं. १

## बालक्लब सूचीकरण दर्ता किताव

| क.सं. | बालक्लबको नाम | ठेगाना | बालक्लबमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची ७

बेलबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ

प्रदेश नं. १

**बालक्लब नवीकरण किताब**

| क्र.सं. | बालक्लबको नाम | ठेगाना | बालक्लबमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | नवीकरण मिति | सम्पर्क नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**आज्ञाले**

**प्रदिप शाह**

**प्रमुख प्रशासकीय अधिकृत**